लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०।०८१
च.नं. ४९१२

मिति: २०८१।०३।०५

विषयः भूक्तानी तथा निकासा बन्द हुने सम्बन्धमा।

श्री सम्पूर्ण शाखा तथा उप-शाखाहरु,
श्री सबै वडा कार्यालयहरु,
श्री सबै उपभोक्ता समितिहरु,
श्री सबै निर्माण व्यवसायीहरु।

उपरोक्त सम्बन्धमा यस लम्कीचुहा नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा चालु आ.व. २०८०/८१ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम ७ ले गरेको व्यवस्था अनुसार फ्रिज हुने रकमको सन्दर्भमा आर्थिक वर्ष समाप्त हुनु भन्दा अगाडी नै भुक्तानी दिई लेखा अध्यावधिक गरी निकासा बन्द गर्ने कानूनी प्रावधान रहेको छ। साथै आर्थिक वर्षको अन्त्यमा कामको चाप अधिक हुने भएकोले खर्च लेखाङ्कन सफ्टवेयर स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) डाउन हुने, आषाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने, खर्च हुन बाँकी रकम संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने र सबै कारोबारको हिसाब मिलान गर्नुपर्ने भएकोले योजना तथा कार्यक्रमहरु (चालु) तर्फका हकमा मिति २०८१/०३/१५ गते भित्र र पुँजीगत तर्फका योजनाको हकमा मिति २०८१।०३।२० गतेभित्र सम्पन्न गरी यस कार्यालयमा अनिवार्य रुपमा आवश्यक बिल भरपाइ र कागजात सहित पेश गर्न हुन सम्बन्धित सबै सरोकारवालाहरुलाई अनुरोध छ। साथै उल्लेखित समयावधी भित्र कागजात पेश नभएमा भुक्तानी तथा निकासा नहुने भएकोले सो को जिम्मेवार सम्बन्धित पक्ष नै हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं।

झनक प्रसाद न्यौपाने
लेखा अधिकृत

२०८१।०३।०५

माधव कुमार जैसी
नि.प्रमुख प्रशासकीय अधिकृत